खाँडाचक्र नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : २ संख्या : ७ मिति :

## भाग-२

### पूर्वाधार आयोजना मर्मत तथा सम्भार सम्बन्धि कार्यविधि, २०७६

कार्यपालिकावाट स्वीकृत मिति २०७६।१।२६

**प्रस्तावना :**
खाँडाचक्र नगरपालिका भौगोलिक क्षेत्र (मातहत) भित्र निर्माण हुने, निर्माणको क्रममा रहेका र निर्माण सम्पन्न भैसकेका पूर्वाधार आयोजनाहरुलाई दिगोरुपमा सञ्चालन गर्न र सो आयोजनावाट प्राप्त हुने लाभहरुलाई निरन्तररुपमा हासिल गर्न खाँडाचक्र नगरपालिका मर्मत सम्भार सम्वन्धि कार्यविधि वनाउन वाञ्छनीय भएकोले स्थानीय सरकार कार्य सञ्चालन ऐन् २०७४ दफा ११ को ट (२ र ३) बमोजिम खाँडाचक्र नगरकार्यपालिकाले यो कार्यविधि बनाएको छ।

### परिच्छेद १

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम “पूर्वाधार आयोजना मर्मत सम्भार सम्वन्धि कार्यविधि २०७६” रहने छ।

(ख) यो कार्यविधि कार्यपालिकाको वैठकवाट निणर्य भए पश्चात तुरुन्त लागु हुनेछ।

२. **परिभाषाः**
विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ।

(ख) "आयोजना" भन्नाले खाँडाचक्र नगरपालिका वा सो अर्न्तगतको वडावाट पूर्ण वा आँशिक लागत साझेदारीमा सँचालित पूर्वाधार आयोजना, कार्यक्रम वा परियोजना सम्झनु पर्दछ र

यसले खाँडाचक्र नगर सभावाट सुचिकृत भएको गैर सरकारी, सरकारी सँघ सस्था र गैर नाफामूलक संस्था वा अन्य सामुदायिक संस्थाहरु एवं विकास साझेदारहरुको सहयोगमा निर्माण सम्पन्न भएका वा हुने पूर्वाधार आयोजनाहरु समेतलाई जनाउने छ ।

(ग) "उपभोक्ता" भन्नाले पूर्वाधार आयोजनावाट प्रत्यक्ष लाभान्वित हुने पूर्वाधार आयोजना सञ्चालन हुने क्षेत्र भित्रका स्थायी तथा अस्थाई वसोवास गर्ने ब्यक्तिलाई समेत जनाउनेछ ।

(घ) "उपभोक्ता समिति" भन्नाले पूर्वाधार आयोजनाको योजना तर्जुमा, योजना कार्यान्वयन तथा सञ्चालन, ब्यवस्थापन, रेखदेख र मर्मत सम्भार गर्नका लागि उपभोक्ताले आफुहरु मध्येवाट गठन गरेको समिति सम्झनु पर्दछ ।

(ङ) "संरक्षण समिति" भन्नाले सार्वजनिक खरिद ऐन तथा नियमावली अनुरुप निर्माण व्यवसायी (ठेकेदार) मार्फत निर्माण सम्पन्न हुने पूर्वाधार आयोजनाको मापदण्ड अनुरुपको गुणस्तर कायम गर्न तथा निर्माण सम्पन्न पश्चात सो आयोजनाको रेखदेख तथा मर्मत सम्भार गर्न पूर्वाधार आयोजनाका लाभग्राहीहरु मध्येवाट गठन भएको समिति सम्झनु पर्दछ ।

(च) "कार्यपालिका" भन्नाले नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(छ) "पदाधिकारी" भन्नाले उपभोक्ता समिति वा संरक्षण समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षलाई सम्झनु पर्दछ ।

(ज) "सदस्य" भन्नाले उपभोक्ता समिति वा संरक्षण समितिका सदस्यलाई जनाउने छ र सो शब्दले उपभोक्ता समितिका पदाधिकारीलाई समेत जनाउने छ ।

(झ) "सम्झौता" भन्नाले पूर्वाधार आयोजनाको निर्माण, सञ्चालन, ब्यवस्थापन र मर्मत सम्भार गर्नको लागि कार्यालय र निर्माण ब्यवसायी वा उपभोक्ता समिति वीच भएको लिखित करारनामा वा कबुलियतनामालाई जनाउनेछ ।

(ञ) "कोष" भन्नाले पूर्वाधार आयोजनाको मर्मत तथा सम्भार कोष सम्झनु पर्छ ।

(य) "मर्मत सम्भार" भन्नाले नगरपालिका वा सो अर्न्तगत निर्माण सम्पन्न भएका वा निर्माणधिन अवस्थामा रहेका पूर्वाधार आयोजनाहरुको मर्मत सम्भार सम्झनु पर्छ ।

## ३. कार्यविधिको पालना गर्नुपर्ने

क) खाँडाचक्र नगरपालिका भित्र कार्यान्वयन भएका वा हुने पूर्वाधार आयोजनाहरुको निर्माण, सञ्चालन तथा मर्मत सम्भार कार्यको लागि गठीत उपभोक्ता समिति वा संरक्षण समिति साथै नगरपालिकासँग सहकार्य गर्ने निर्माण ब्यवसायी संघ, विकास साझेदारहरु तथा पूर्वाधार विकास कार्यक्रम सञ्चालन गर्ने सवै सरकोकारवालाहरुले पूर्णरुपमा यो कार्यविधिको पालना गर्नुपर्नेछ ।

## परिच्छेद २

### कार्यविधिको औचित्य, उद्देश्य र मर्मत सम्भार कार्य सञ्चालन प्रक्रिया

## ४. कार्यविधिको औचित्य

खाँडाचक्र नगरपालिकामा निर्माण सम्पन्न भई सञ्चालनमा रहेका सम्पूर्ण पूर्वाधार आयोजनाहरुलाई दीगोरुपमा सञ्चालन गर्न र ती आयोजनाहरुवाट प्राप्त हुने लाभ तथा सेवाहरुलाई निरन्तर र दिर्घकालिनरुपमा प्राप्त गरिरहन पूर्वाधार आयोजना रेखदेख, मर्मत सम्भार गर्न आवश्यक हुन्छ । नगरपालिकाको अधिकार क्षेत्र भित्र रहेका सम्पूर्ण पूर्वाधार आयोजनाहरुलाई नगरपालिका, उपभोक्ता

समिति वा संरक्षण समिति र नगरपालिका भित्र कार्यरत सवै निकायहरुको सहकार्यमा पूर्वाधार आयोजनाहरुको मर्मत सम्भार कार्य सञ्चालन गरी अधिकतम लाभ प्राप्त गर्नको लागि पूर्वाधार आयोजना मर्मत सम्भार तथा व्यवस्थापन कार्यविधि तयार गरी लागू गरिएको छ ।

## ५. कार्यविधिको मुख्य उदेश्य

(क) नगरपालिकाको क्षेत्राधिकार भित्र निर्माण भएका पूर्वाधार आयोजनाहरुलाई दिगोरुपमा सञ्चालन गर्न ।

(ख) उपभोक्ता समिति, संरक्षण समिति तथा नगरपालिकाहरुलाई पूर्वाधार आयोजनाको सञ्चालन तथा मर्मत सम्भारमा जवाफदेहि वा जिम्मेवारी वनाउन ।

(ग) नगरपालिकामा कार्यरत सरकारी, गैर सरकारी सँघ सस्था, गैर नाफामूलक संस्था वा अन्य सामुदायिक संस्थाहरुलाई पूर्वाधार आयोजना सम्वन्धि क्रियाकलापहरु सञ्चालन गर्दा पूर्ण जिम्मेवार वनाउन ।

(घ) योजनावद्ध र नियमितरुपमा मर्मत सम्भारका कार्यहरु गर्न गराउन ।

## ६. नगरपालिका क्षेत्रका पूर्वाधार आयोजनाका प्रकार

यस कार्यविधि अर्न्तगत नगरपालिका अर्न्तगतका पूर्वाधार आयोजनाहरु देहाय बमोजिम समावेश गरिएको छ ।

(क) निश्चित उपभोक्ताहरु लाभान्वित हुने प्रकृतिका पूर्वाधार आयोजनाहरु जस्तै खानेपानी आयोजना, सिंचाई आयोजना, लघु जलविद्युत आयोजना, आदि

(ख) निश्चित उपभोक्ता मात्र नभई वृहत उपभोक्ताहरुले लाभ लिने प्रकृतिका आयोजनाहरु जस्तै ग्रामिण तथा कृषि सडकहरु, झोलुङ्गे तथा ट्रेयल पुलहरु

(ग) मिश्रित प्रकृतिका पूर्वाधार आयोजनाहरु जसवाट निजी सम्पतीहरु खेतवारी, घरसम्पती संरक्षण गर्नुका साथै वाढी नियन्त्रण गर्ने कार्यहरु जस्तै जैविक तथा तारजालीयुक्त तटवन्ध, पहिरो नियन्त्रण गर्न अवलम्वन गरिने आयोजनाहरु ।

## ७. पूर्वाधार आयोजनाको मर्मत सम्भार व्यवस्थापन समिति गठन तथा परिचालन सम्वन्धि व्यवस्था.

(क) नगरपालिका स्तरमा पूर्वाधार आयोजनाहरुको अद्यावधिक, पूर्वाधार आयोजनाहरुको अवस्था विश्लेषण तथा प्राथमिकिकरण गरी मर्मत सम्भार कार्यलाई व्यवस्थित गर्न नगरपालिका स्तरीय पूर्वाधार आयोजना मर्मत सम्भार व्यवस्थापन समिति गठन हुनेछ ।

(ख) दफा ७ को उपदफा (क) बमोजिम पूर्वाधार आयोजना मर्मत सम्भार व्यवस्थापन समिति गठन तथा परिचालन देहाय बमोजिम गरिने छ ।

१. नगरपालिकाको पूर्वाधार विकासको क्षेत्र हेर्ने समितिको संयोजकको संयोजकत्वमा योजना शाखाको प्रमूख सदस्य सचिव रहनेगरी ७ सदस्यीय पूर्वाधार आयोजना मर्मत सम्भार व्यवस्थापन समिति गठन हुनेछ ।

२. मर्मत सम्भार व्यवस्थापन समितिको वैठक चौमासिकरुपमा बस्नेछ ।

३. मर्मत सम्भार व्यवस्थापन समितिले नगरपालिका मातहतको योजनाहरुको अनुसूचि १ बमोजिमको फारममा अभिलेखिकरण गरी अर्धवार्षिक र वार्षिकरुपमा अद्यावधिक गर्नेछ ।

४. मर्मत सम्भार व्यवस्थापन समितिले नगरपालिका मातहतका पूर्वाधार आयोजनाहरुको अवस्था विश्लेषण गरी भौगोलिक सूचना प्रणालीमा (GIS) नक्साँकन गर्ने व्यवस्था मिलाउने छ ।

५. मर्मत सम्भार व्यवस्थापन समितिले निश्चित मापदण्डको आधारमा मर्मत सम्भार गर्नुपर्ने योजनाहरुको प्राथमिकीकरण गर्ने छ ।

६. मर्मत सम्भार व्यवस्थापन समितिले प्राथमिकता सहित मर्मत सम्भार गर्नुपर्ने आयोजनाको विवरण नगर कार्यपालिकाको वैठकमा पेश गर्नेछ र नगर कार्यपालिकाको बैठकबाट मर्मत सम्भार गर्नुपर्ने योजनाहरुमा वजेट स्वीकृती भएपछि योजना शाखाबाट मर्मत सम्भार कार्य नियमानुसार अगाडि बढाइनेछ ।

७. मर्मत सम्भार व्यवस्थापन समितिले नगरपालिका क्षेत्रमा मर्मत सम्भारको लागि नगरपालिकावाट थप वजेट विनियोजन गर्नुपर्ने भएमा त्यस्ता आयोजनाहरुलाई योजना तर्जुमा प्रक्रियामा समावेश गराउन आवश्यक सुचनाहरु उपलब्ध गराउनेछ ।

## ८. पूर्वाधार आयोजनाको जिम्मेवारी हस्तान्तरण

(क) उपभोक्ता समिति मार्फत निर्माण सञ्चालन भई सम्पन्न भएका सम्पूर्ण पूर्वाधार आयोजनाहरु सम्वन्धित उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्न सकिनेछ । पूर्वाधार योजना उपभोक्ता समितिलाई हस्तान्तरण गर्दा आयोजना मर्मत सम्भारको लागि उपभोक्ता समिति, वडा कार्यालय र नगरपालिकाको जिम्मेवारी प्रष्ट रुपमा उल्लेख हुनेछ ।

(ख) निर्माण व्यवसायी मार्फत निर्माण भई सम्पन्न भएका पूर्वाधार आयोजनाहरुको हकमा आयोजनावाट प्रत्यक्ष लाभान्वित हुने उपभोक्ता सदस्यहरुवाट आयोजना संरक्षणको लागि उपभोक्ता वा संरक्षण समिति गठन गरी योजनाको हस्तान्तरण गर्न सकिनेछ ।

## ९. मर्मत सम्भार सम्वन्धि सचेतना र क्षमता विकासको व्यवस्था

(क) पूर्वाधार आयोजनाको योजना तर्जुमा प्रारम्भिक चरण उपभोक्ता समिति गठन देखि नै कार्यविधि अनुसारका मर्मत सम्भार सम्वन्धि सचेतना अभिवृद्दि गरिने छ ।

(ख) मर्मत सम्भार सम्वन्धि सम्फौता पत्रमा उल्लेख भएका प्रावधानहरुलाई सम्वन्धित उपभोक्ता समिति वा संरक्षण समितिहरुलाई अभिमूखीकरण गरी मर्मत सम्भार सम्वन्धि व्यवस्थाको लागि आवश्यक पहल गर्न उपभोक्ता वा संरक्षण समितिको क्षमतामा अभिवृद्धि हुनेछ ।

# <u>परिच्छेद ३</u>

# पूर्वाधार आयोजनाको मर्मत सम्भार कार्यको लागि अवलम्वन गरिने प्रक्रिया

## १०. निश्चित उपभोक्ताहरु लाभान्वित हुने प्रकृतिका पूर्वाधार आयोजनाहरु (खानेपानी आयोजना, सिंचाई आयोजना, लघु जलविद्युत आयोजना, आदि)

(क) निश्चित उपभोक्ताहरु लाभान्वित हुने प्रकृतिका पूर्वाधार आयोजनाहरु उपभोक्ता समितिले निर्माण गरेको भए त्यस योजनाको मर्मत सम्भार गर्ने दायित्व पनि उपभोक्ता समितिको नै हुनेछ । उपभोक्ता समितिको गठन तथा परिचालन नगरपालिकाको उपभोक्ता समिति गठन र परिचालन कार्यविधि २०७५ बमोजिमको हुनेछ ।

(ख) उपभोक्ता समितिवाट निर्माण भएका योजनाहरुको मर्मत सम्भार कार्य उपभोक्ता समितिको क्षमता भन्दा वाहिर हुन गई उपभोक्ता समितिको एकल प्रयासले सम्भव नभएमा

नगरपालिका वा अन्य निकायको सहयोग लिई उपभोक्ता समितिले योजनाको मर्मत सम्भार गर्नु पर्नेछ ।

(ग) दफा १० को उपदफा (ख) बमोजिम कार्य गर्नुपर्ने भएमा नगरपालिकाको प्रक्रिया पुरा गरी मर्मत सम्भार कार्य हुनेछ ।

(घ) निर्माण व्यवसायी मार्फत आयोजना सञ्चालन भएको पूर्वाधार आयोजनाको हकमा स्थानीय आयोजनावाट प्रत्यक्ष लाभान्वित उपभोक्ताको आम भेलावाट अधिकतम सहभागीतामा सम्वन्धित आयोजना स्थलमा नै ७ देखि ११ जना सम्मको उपभोक्ता समिति वा संरक्षण समिति गठन गर्नुपर्नेछ ।

(ङ) समिति गठनको लागि आम भेला हुने समय, मिति, स्थान र भेलाको विषय त्यस्तो भेला हुने मिति कम्तिमा तीन दिन अगावै सार्वजानिकरुपमा जानकारी गराउनु पर्नेछ ।

(च) निर्माण व्यवसायी मार्फत नगरपालिका स्तरीय आयोजना सञ्चालन गर्ने भएमा उपभोक्ता वा संरक्षण समिति गठन गर्दा कार्यपालिका सदस्य वा वडा सदस्य वा कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ ।

(छ) निर्माण व्यवसायी मार्फत वडा स्तरीय आयोजना सञ्चालन गर्ने भएमा उपभोक्ता वा संरक्षण समिति गठन गर्दा सम्वन्धित वडा अध्यक्ष वा वडा सदस्य वा कार्यालयले तोकेको कार्यालय प्रतिनिधिको रोहवरमा गर्नुपर्नेछ ।

(ज) निर्माण व्यवसायी मार्फत पूर्वाधार आयोजना सँचालन गरिने आयोजनाको लागि गठन हुने उपभोक्ता वा संरक्षण समिति र कार्यालयको काम कर्तब्य र अधिकार अनुसूचि २ मा उल्लेख भए बमोजिमको हुनेछ ।

**११. निश्चित उपभोक्ता मात्र नभई वृहत उपभोक्ताहरुले लाभ लिने प्रकृतिका आयोजनाहरु (ग्रामिण तथा कृषि सडकहरु, झोलुङ्गे तथा ट्रेयल पुल आदि) र मिश्रीत प्रकृतिका योजनाहरु**

(क) निश्चित उपभोक्ताहरु मात्र नभई वृहत उपभोक्ताहरु लाभान्वित हुने प्रकृतिका पूर्वाधार आयोजनाहरु उपभोक्ता समितिले निर्माण गरेको भए त्यस योजनाको मर्मत सम्भार गर्ने दायित्व पनि सम्वन्धित उपभोक्ता समतिको नै हुनेछ ।

(ख) उपभोक्ता समितिवाट निर्माण भएका योजनाहरुको मर्मत सम्भार कार्य उपभोक्ता समितिको कावु वाहिर गई उपभोक्ता समितिको एकल प्रयासले मात्र सम्भव हुने अवस्था नभएमा उपभोक्ता समितिले नगरपालिका वा अन्य निकायको सहयोग लिई उपभोक्ता समितिले योजनाको मर्मत सम्भार गर्नु पर्नेछ

(ग) अन्य प्रक्रिया दफा १० को उपदफा अनुसारको हुनेछ ।

## परिच्छेद ४

## मर्मत सम्भार कोष स्थापना तथा परिचालन

**१२. मर्मत सम्भार कोषको स्थापना**

(क) नगरपालिका स्तरवाट सम्पन्न आयोजनाहरुको नियमित मर्मत सम्भार गर्नको लागि आवश्यक श्रोत संकलन तथा परिचालन गर्न नगरपालिका र उपभोक्ता समुहमा गरी २ तहमा मर्मत सम्भार कोष रहने छ ।

(ख) नगरपालिका स्तरमा रहने कोषको आय रकम संकलन तथा ब्यय रकम परिचालनको लागि नगरपालिकाले क वर्गको वित्तीय संस्थामा एक छुट्टै खाता खोल्ने छ ।

(ग) उपभोक्ता समिति/संरक्षण समितिको मातहतमा रहने मर्मत सम्भार कोष उपभोक्ता समुहको निर्णय अनुसार सम्वन्धित नगरपालिका स्थितको बैंकमा उपभोक्ता/संरक्षण समितिको नाममा समितिको अध्यक्ष, कोषाध्यक्ष र सचिव गरी तीन जनाको सँयुक्त दस्तखतवाट सँचालन हुनेछ । खाता सञ्चालकहरु मध्ये कम्तिमा एक जना महिला अनिवार्य हुनु पर्नेछ ।

(घ) नगरपालिकाले निर्माण ब्यवसायी वा उपभोक्ता समिति मार्फत निर्माण गरिने पूर्वाधार आयोजनाहरुको कुल वजेटको १ प्रतिशत रकम लागत इष्टिमेट को गर्दाका वखत नै मर्मत सम्भार कोषको लागि छुट्याउनु पर्नेछ । आगामी वर्ष २ प्रतिशत

(ङ) उपभोक्ता समिति मार्फत सञ्चालन गरिने पूर्वाधार आयोजनाको मर्मत सम्भार वापत विनियोजीत वजेटको ५ देखि १० प्रतिशत रकम उपभोक्ता समितिबाट निर्णय गरी वजेट योजना सम्पन्न पश्चात आयोजनाको मर्मत सम्भार तथा ब्यवस्थापनको लागि उपभोक्ता समुहको खातामा राख्न सकिनेछ ।

(च) निर्माण ब्यवसायी मार्फत संचालन गरी उपभोक्ता समिति वा सरक्षण समितिलाई हस्तान्तरण गरिने आयोजनाहरुको हकमा आयोजना हस्तान्तरणसँगै मर्मत सम्भार कोषको लागि विनियोजीत वजेट मध्ये १ प्रतिशत रकम योजना मर्मत सम्भार र ब्यवस्थापनको लागि नगरपालिकाको मर्मत सम्भार कोषमा रहने छ । आगामी २ प्रतिशत

(छ) उपभोक्ता समितिबाटै मर्मत सम्भार कार्य गर्ने कोष सन्चालन प्रयोजनको लागि उपभोक्ता समिति विधिवत रुपमा दर्ता भई नगरपालिकावाट कानुनी मान्यता प्राप्त गरेको, मर्मत सम्भार कोष संचालन कार्यविधि तयार गरी उपभोक्ता समुहको आम भेलावाट स्विकृत गराएको तथा मासिक, त्रैमासिक, अर्धवार्षिक वा वार्षिक रुपमा लाभान्वीत घरधुरीहरुवाट शुल्क उठाई मर्मत सम्भार कोष स्थापना गरेको हुनु पर्नेछ ।

(ज) नगरसभा बाट मर्मत सम्भार कोषको लागि स्वीकृत रकम नगरपालिकाको मर्मत सम्भार कोषमा रहने छ ।

(झ) अन्य कुनै निकायवाट मर्मत सम्भार कोष वापतको रकम नगरपालिकामा प्राप्त हुन आएमा उक्त रकम नगरपालिकाको मर्मत सम्भार कोषमा रहने छ ।

## १३. मर्मत सम्भार कोषको उद्देश्य

(क) नगरपालिका मातहत निर्माण भएका योजनाहरुको मर्मत सम्भार गरी दिगो रुपमा सन्चालन गर्न आवश्यक पर्ने न्युनतम रकमको ब्यवस्थापन तथा परिचालन गर्नु मर्मत सम्भार कोषको उद्देश्य रहने छ ।

(ख) मर्मत सम्भार कोषवाट नगरपालिका मातहत निर्माण भएका भौतिक पुर्वाधार सम्वन्धि क्रियाकलापहरुको मर्मत, सम्भार र ब्यवस्थापनको क्षेत्रमा कार्य गर्न सकिने छ ।

## १४. मर्मत सम्भार सम्वन्धि योजना तर्जुमा तथा कोषको प्रयोग

(क) वडा कार्यालयले प्रत्येक आर्थिक वर्ष समाप्त भएको २ महिना भित्र वडा भित्र रहेका पूर्वाधार आयोजनाहरुको विस्तृत विवरण यस कार्यविधिको अनुसूचि १ मा उल्लेख भए बमोजिम नगरपालिकामा पेश गर्ने छ ।

(ख) नगरपालिकाले आफ्नो क्षेत्र भित्र रहेका आयोजनाहरुको संरचनाहरुको विवरण यस कार्यविधिको अनुसुचि १ मा उल्लेख भए अनुसारको फारममा प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र अध्यावधिक गरी सम्भव भए सम्म भौगोलिक सूचना प्रणाली (Geographical Information System) को प्रयोग गरी स्थान र अवस्था सहित नंक्साकन गर्नेछ ।

(ग) अध्यावधिक गरिएको योजनाहरु मध्येवाट तत्काल मर्मत सम्भार गर्नुपर्ने योजनाहरुको सूचि नगर कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ ।

(घ) मर्मत सम्भार गर्नुपर्ने योजनाहरु नगर कार्यपालिकाको बैठकबाट मर्मत सम्भारको लागि स्वीकृत भएपछि पुर्व लागत इष्टीमेट एवं सम्भाब्यता अध्ययन गर्न समेत गरी मर्मत सम्भारको कार्य कानून बमोजिम बढाउन योजना शाखालाई निर्देशन दिनुपर्नेछ ।

(ङ) आयोजनाको मर्मत सम्भारको लागि प्राथमिकिरण गर्दा मर्मत सम्भार कोष स्थापनामा योगदान पुऱ्याएका योजनाहरुलाई मर्मत सम्भारको लागि उच्च प्राथमिकता दिईने छ ।

(च) आयोजनाको मर्मत सम्भार कार्य संचालन उपभोक्ता समितिबाट वा अन्य वैकल्पिक ब्यवस्थावाट गर्न सकिनेछ ।

(छ) आयोजना निर्माण तथा हस्तान्तरण पश्चात आयोजनाको दैनिक रेखदेखको लागि उपभोक्ता समितिले आफू मातहतमा रहने गरी मर्मत सम्भार कार्यकर्ताको व्यबस्था गर्न सक्नेछन् । उपभोक्ता समुहको आम भेलावाट स्विकृत गराइ तथा मासिक, त्रैमासिक, अर्धवार्षिक वा वार्षिक रुपमा लाभान्वीत घरधुरीहरुवाट शुल्क उठाई सम्भार कार्यकर्ता (Operator) को पारिश्रमिक व्यवस्था गर्न सक्नेछन् । सम्भार कार्यकर्ताको पारिश्रमिकको लागि दफा १२ को उपदफा (ग) बमोजिमको सम्भार कोषको रकम समेत खर्च गर्न सक्नेछन् । मर्मत सम्भार कार्यकर्ताको भुमिका अनुसुचि ३ मा उल्लेख भए बमोजिमको हुनेछ ।

(ज) निर्माण सम्पन्न भएका पूर्वाधार आयोजनामा भवितब्य (जलवायु जन्य वा गैह्र जलवायु जन्य प्रकोपका कारण) परी वा अन्य कुनै विशेष कारणले तुरुन्तै आयोजनाको मर्मत सम्भार गर्नुपर्ने भएमा नगर कार्यपालिकाले निर्णय गरी आयोजनाको मर्मत सम्भार गर्न सक्नेछ ।

(झ) ५ वर्ष भन्दा पहिले वनेका पूर्वाधार योजनाहरु मर्मत सम्भार गर्नुपर्ने भएमा पहिलो पटकको लागि मर्मत सम्भार कार्यक्रम अर्न्तगत समावेश गरिने छैन । यस्ता पूर्वाधार आयोजनाहरुको मर्मत सम्भार कार्य नयाँ योजना संचालन कै प्रक्रिया अनुसारको हुनेछ ।

(ञ) माथि जे सुकै लेखिएको भएतापनि नियमित रुपमा गरिने विकास निर्माण सम्वन्धि कार्यहरुलाई मर्मत सम्भारको कोषवाट संचालन गर्न पाईने छैन ।

१५. **मर्मत सम्भार कोष प्रयोग गर्न नपाईने :** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको प्रयोजनको लागि कोषमा जम्मा भएको रकम प्रयोग गर्न पाईने छैन ।

(क) नियमित प्रशासनिक कार्यको लागि खर्च गर्न

(ख) कुनै किसिमको गोष्ठी, अर्न्तक्रिया, सभा वा सेमिनारमा भाग लिन तर योजनाको रेखदेखमा खटिने मर्मत सम्भार कार्यकता वा सञ्चालक को सीप अभिवृद्धि हुने तालिमको लागि खर्च गर्न यस उपदफाले वाधा पार्ने छैन ।

१६. **कोषको संचालन, लेखा तथा लेखा परीक्षण :** कोषको सँचालन, लेखा तथा लेखा परीक्षण नगरपालिकाको ब्यवस्था वमोजिम हुनेछ ।

## <u>परिच्छेद ५</u>

## निर्माण ब्यवसायी मार्फत संचालन गरिने पूर्वाधार आयोजनाको मर्मत सम्भार सम्वन्धि ब्यवस्था

### १७. आयोजना मर्मत सम्भार सम्वन्धि ब्यवस्था

(क) निर्माण ब्यवसायी मार्फत आयोजना सन्चालन गरी योजना सम्पन्न पश्चात उपभोक्ता समितिलाई हस्तान्तरण गरिने आयोजनामा आयोजना कार्यान्वयनको चरण देखि स्थानीय उपभोक्तालाई समावेश गराईने छ ।

(ख) आयोजनाको अपनत्व र दिगोपनाको लागि आयोजनाको शुरुआति समय देखि नै स्थानीय उपभोक्तासँग योजना संचालन प्रक्रिया, मर्मत सम्भार कोष स्थापना र संचालन वारे छलफल गरिने छ ।

(ग) आयोजनाको कार्यान्वयन तथा कार्यान्वयन पश्चात रेखदेख तथा मर्मत सम्भारको लागि उपभोक्ता समुहका सदस्यहरुवाट सात देखि एघार जनाको उपभोक्ता समिति वा संरक्षण समिति गठन गरिने छ ।

(घ) उपभोक्ता समिति वा संरक्षण समिति गठन गर्दा स्थानीय तहको उपभोक्ता समिति गठन सम्वन्धि कार्यविधि २०७५ मा भएका प्रावधानहरुलाई आधार मानिनेछ ।

(ङ) उपभोक्ता समिति वा संरक्षण समितिको काम कर्तब्य र अधिकार अनुसूची ३ मा ब्यवस्था भए बमोजिमको हुनेछ ।

(च) निर्माण ब्यवसायीवाट योजना सम्पन्न भई उपभोक्ता समिति वा संरक्षण समितिलाई हस्तान्तरण गरे पछि उक्त आयोजनाको मर्मत सम्भार कार्य उपभोक्ता समितिको हुनेछ । तर परिस्थितिजन्य अवस्थाले कावु वाहिर गई उपभोक्ता समितिको एकल प्रयासले मात्र मर्मत सम्भार गर्न सम्भव हुने अवस्था नभएमा उपभोक्ता समितिले नगरपालिका वा अन्य निकायको सहयोग लिई योजनाको मर्मत सम्भार गर्नु पर्नेछ ।

(छ) नगरपालिकामा निर्माण ब्यवसायी मार्फत आयोजना संचालन गर्दा यस कार्यविधि वमोजिम मर्मत सम्भार कोषको लागि रकम छुट्याउनु पर्नेछ ।

(ज) अन्य सवै ब्यवस्था यस कार्यविधिमा माथि उल्लेख भए अनुसारको हुनेछ ।

**१८. विविध**

(क) मर्मत सम्भार कोषमा रहेको रकम आर्थिक वर्षको अन्त्यमा फ्रिज नभई कोषमा रहने छ ।

(ख) यस कार्यविधि बमोजिम कोष परिचालन तथा सो वाट भएको नियमित वा आकस्मिक कार्यको अनुगमन नगरपालिका तथा अन्य सरोकारवालाहरुवाट हुनेछ ।

**१९. कार्यविधिको संसोधन तथा परिमार्जन :** कार्यविधिलाई आवश्यकता अनुसार कार्यपालिकाको निर्णय अनुसार संशोधन गर्न सकिनेछ ।

# अनुसूचि १
## (कार्यविधिको दफा ७ (२) ग संग सम्वन्धित)
## खाँडाचक्र नगरपालिका, कालिकोट जिल्ला
## पूर्वाधार आयोजनाहरुको लगत (विस्तृत विवरण)

योजनाको विवरण अद्यावधिक गरिएको साल र महिना

| सिं नं. | आयोजनाको नाम (कोड नं) | वडा नं | टोल | GPS Coordinate | | शुरु भएको साल | सम्पन्न भएको साल | हालको अवस्था (कुनै एकमा चिन्ह लगाउने) | | | | | लाभान्वित घरधुरी | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Long. | Lat | | | राम्रो अवस्था (हाल मर्मत गर्न नपर्ने) | चालू हालतमा भएको (सामान्य मर्मत गनु पर्ने) | नाजुक अवस्थामा रहेको (मर्मत गर्नूपर्ने) | मर्मत नगरी चालू नहूने | पून निर्माण गर्नूपर्ने | | |
| १ | **खानेपानी योजना** | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| २ | **सिंचाई योजना** | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| ३ | **कृषि तथा ग्रामिण सडक (स्थानीय तहवाट निर्माण भएको)** | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| ४ | **अन्य** | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

## अनुसूचि ३

### (कार्यविधिको दफा १० (९) संग सम्वन्धित)

खाँडाचक्र नगरपालिका, कालिकोट जिल्ला

**१. उपभोक्ता समिति वा संरक्षण समितिको काम, कर्तब्य र अधिकार :**

(क) पूर्वाधार आयोजनाको कार्यान्वयन प्रक्रिया जानकारी लिई उपभोक्ता वा संरक्षण समुहका सदस्यहरुलाई जानकारी प्रदान गर्ने ।

(ख) आयोजना कार्यान्वयनको अवधि, कार्ययोजना तथा डिजाईन वारे नगरपालिका र निर्माण ब्यवसायी सँग जानकारी लिई लाभग्राहिहरुलाई जानकारी प्रदान गर्ने ।

(ग) योजना कार्यान्वन प्रक्रिया तथा मर्मत सम्भार कोषको ब्यवस्थापनको लागि आब्हान वा आयोजना गरेको कार्यक्रममा सहभागी भई आवश्यक सहयोग गर्ने ।

(घ) समितिका पदाधिकारीहरुको कार्य सम्पादनलाई प्रभावकारी वनाउन समितिका सदस्यहरुको कार्य विभाजन र जिम्मेवारी वाँडफाँड गर्ने ।

(ङ) आयोजना कार्यान्वयनको क्रममा गुणस्तर कायम भए नभएको अनुगमन गरी आवश्यक परेमा नगरपालिकामा जानकारी प्रदान गर्ने ।

(च) आयोजना कार्यान्वयनको क्रममा मापदण्ड अनुसारको गुणस्तर नपाईएमा निर्माण ब्यवसायीलाई गुणस्तर कायम गर्नको लागि अनुरोध गर्ने ।

(छ) गुणस्तर काम नभएमा नगरपालिका वा अन्य सम्वन्धित निकायमा जानकारी गराउने ।

(ज) स्थानीय स्तरमा उपभोक्ता समुहको निर्णय अनुसार मर्मत सम्भार कार्यकर्ता छनौट गरी निर्माण ब्यवसायी सँगको सहकार्यमा सम्वद्ध आयोजनामा परिचालन गर्ने ।

(झ) मर्मत सम्भार कार्यकर्तालाई आयोजना मर्मत सम्वन्धि विशेष सीपको आवश्यक परेमा सो को आवश्यक ब्यवस्था गर्न पहल गर्ने

(ञ) मर्मत सम्भार कार्यकर्ताको अनुगमन तथा मुल्यांकन गरी आवश्यक सल्लाह सुझाव दिने ।

(ट) मर्मत सम्भार कोष स्थापना तथा परिचालन आम भेलाकोवाट सम्भव भए सम्म आम सहमति, आम सहमति हुन नसकेका वहुमत सदस्यहरुवाट स्विकृत गराई कार्यान्वयन गर्ने ।

(ठ) आमभेलावाट लाभग्राहीहरुवाट संकलन गर्ने सेवा शुल्कको निर्धारण गरी कार्यान्वयन गर्ने ।

(ड) आम्दानी खर्चको हिसाव किताव चुस्त दुरुस्त राख्ने र प्रचलित कानुन अनुसार लेखापरीक्षण, सार्वजनिक लेखा परिक्षण गरी पारदर्शिता कायम गर्ने ।

(ढ) आयोजनाको मर्मत सम्भार गर्ने दायित्व उपभोक्ता समिति वा संरक्षण समितिको हुने भएकोले सो को लागि शुरु देखि नै श्रोत तथा सिपको ब्यवस्था गर्ने ।

(ण) समितिको एकल प्रयासले मात्र योजनाको मर्मत सम्भार गर्न नसक्ने अवस्थामा नगरपालिका वा अन्य सरोकार निकायहरु सँग समन्वय को लागि पहल गर्ने ।

(त) मर्मत सम्भारको लागि नगरपालिकाको योजना तर्जुमा प्रक्रियामा समावेश गर्नुपर्ने अवस्थामा सो को लागि समयमा नै पहल गरी योजना तर्जूमा प्रक्रियामा समावेश गर्न पहल गर्ने ।

## २. नगरपालिकाको काम कर्तब्य र अधिकार

(क) निर्माण ब्यवसायी मार्फत संचालन हुने आयोजनामा स्थानीय समुदाय सँग छलफल गरी स्थानीय उपभोक्ताहरुको प्रतिनिधित्व हुने गरी उपभोक्ता समिति वा आयोजना संरक्षण समिति गठन गर्न सहजीकरण गर्ने ।

(ख) निर्माण ब्यवसायी मार्फत पूर्वाधार आयोजना सञ्चालन गर्दा आयोजना सञ्चालन प्रक्रिया, आयोजनाको डिजाईन तथा लगत इष्टिमेटवारे स्थानीय उपभोक्ता वा संरक्षण समितिलाई कार्यक्रम कार्यान्वय पूर्व जानकारी दिने ।

(ग) उपभोक्ता समिति वा संरक्षण समितिसँग आयोजनाको शुरुआती चरण देखि नै छलफल गरी गुणस्तर कायम गर्नको लागि आवश्यक ब्यवस्था मिलाउने

(घ) आयोजना सम्पन्न पश्चात आयोजना उपभोक्ता वा संरक्षण समितिलाई हस्तान्तरण गर्ने वारे स्थानीय समितिलाई आश्वस्त पारी मर्मत सम्भार कोषको ब्यवस्था वारे उपभोक्ता समिति वा संरक्षण समितिसँग छलफल गरी उपभोक्ता समिति वा संरक्षण समितिलाई मर्मत संभार कोष स्थापना गर्नको लागि उत्प्रेरित गर्ने ।

(ङ) उपभोक्ता वा संरक्षण समितिलाई कानुनी मान्यता प्रदान गर्नको लागि अवश्यक प्रक्रिया पुरा गर्न उत्प्रेरित गर्नुका साथै सहजीकरण गर्ने ।

(च) आयोजना हस्तान्तरण पश्चात आयोजनाको मर्मत सम्भार गर्ने ब्यवस्था उपभोक्ता वा संरक्षण समितिको हुने भएता पनि उपभोक्ता समितिको एकल प्रयासले सम्भव नहुने अवस्थामा आवश्यक आर्थिक तथा प्राविधिक सहयोग गर्ने

(छ) पूर्वाधार आयोजनाहरुको अद्याविक गरी अभिलेखिकरण गर्नुका साथै मर्मत सम्भार गर्नुपर्ने आयोजनाहरुको प्राथमिकीकरण गरी वजेट विनियोजनको आवश्यक प्रक्रिया मिलाउने ।

(ज) कुनै भवितब्य परि उपभोक्ता समिति वा संरक्षण समितिलाई हस्तान्तरण भएको योजना अचानक मर्मत सम्भार गर्नुपर्ने अवस्था आएमा उक्त योजनालाई उपभोक्ता समितिको एकल प्रयासले मर्मत सम्भार गर्न नसक्ने अवस्थामा कार्यपालिकाले निर्णय गरी नगरपालिकाले मर्मत सम्भार कार्यको लागि सहयोग गर्ने ।

(झ) निर्माण ब्यवसायीको लापरवाहीको कारणले गर्दा योजना विग्रन गएको अवस्थामा भने उक्त आयोजनाको मर्मत सम्भार गर्ने कार्य निर्माण ब्यवसायीले गर्नुपर्ने ।

(ट) समय समयमा हस्तान्तरीत योजनाहरुको अनुगमन तथा मुल्यांकन गरी उत्कृष्ठ उपभोक्ता समिति वा संरक्षण समितिलाई प्रोत्साहन स्वरुप पुरस्कार प्रदान गर्ने ।

## अनुसूचि ४

(कार्यविधिको दफा १४ (७)  संग सम्वन्धित)

## खाँडाचक्र नगर पालिका, कालिकोट जिल्ला

**१. आयोजना मर्मत सम्भार कार्यकर्ताको काम, कर्तब्य र अधिकार देहाय बमाजिम रहने छ।**

क) उपभोक्ता समिति वा संरक्षण समिति सँग भएको सम्झौता बमोजिम कार्य गर्ने ।

ख) निर्माणधिन योजनामा परिचालीत भई कार्य गर्ने सो को लागि उपभोक्ता समिति वा संरक्षण समितिले आवश्यक ब्यवस्था मिलाउने ।

ख) आयोजनाको नियमित रेखदेख गर्ने ।

ग) आयोजनामा मर्मत तथा सम्भारको लागि विना वजेट गर्न सकिने सरसफाई तथा सानोनितो मर्मत गरी आयोजना सँचालन गर्ने ।

घ) आयोजनामा कुनै समस्या भएमा तुरुन्तै उपभोक्ता समिति वा संरक्षण समितिको जिम्मेवार ब्यक्तिलाई जानकारी दिने ।

ङ) आयोजना मर्मतको लागि कुनै सामाग्री खरिद गर्नुपर्ने भएमा उपभोक्ता समिति वा संरक्षण समितिलाई आवश्यक प्राविधिक सहयोग गर्ने ।

च) नगरपालिका, उपभोक्ता समिति वा संरक्षण समिति वा अन्य कुनै निकायवाट आयोजनाको मर्मत सम्भार सम्वन्धित कुनै तालिम वा कार्यक्रममा सहभागी हुनको लागि छनौट गरेमा उक्त तालिम वा कार्यक्रममा सहभागी हुने ।

**आज्ञाले,**
**कासीप्रसाद पंगेनी**
**प्रमुख प्रशासकीय अधिकृत**